गाउँपालिका अध्यक्ष श्री फटिक कुमार श्रेष्ठबाट प्रस्तुत
आ.ब. २०८२/८३ का लागि वार्षिक नीति तथा कार्यक्रम

यस सत्रौ गाउँसभाका अतिथी ज्यूहरु लगायत सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु

नेपालको संविधान, २०७२ जारी भए सँगै संघीयताको कार्यान्वनका लागि २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनको पाँच वर्षे कार्यकाल सम्पन्न भइ २०७९ बैशाख ३० गते सम्पन्न भएको निर्वाचनमा स्थानीय तहमा निर्वाचित भई सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त राज्यशक्तिको प्रयोग गर्ने र नागरिकको नजिकको सरकारको आभास गराउने अभ्यासको अवसरको रुपमा स्थानीय तहको दोस्रो कार्यकालको चौथो वर्षको लागि यस रावा बेसी गाउँपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमलाई यस सम्मानित एवम् गरिमामय सभामा पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु ।

यसै अबसरमा विभिन्न कालखण्डमा जनताको अधिकार प्राप्तिको लागि भएका राजनैतिक आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गरी शहादत प्राप्त गर्दै मुलुकलाई आजको यो ऐतिहासिक क्षण दिलाउनु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर अमर शहीदहरुप्रति म हार्दिक श्रदा सुमन अर्पण गर्दछु ।साथै विभिन्न राजनैतिक आन्दोलनहरुमा नेतृत्व प्रदान गर्दै मुलुकलाई जनचाहाना अनुरुप डोर्याउनु हुने नेपाली राजनीतिका अग्रज तथा आदर्श धरोहरहरु

एवम् शिखर व्यत्तित्वहरुलाई सम्मानपूर्वक स्मरण गर्न चाहान्छु ।आम नागिरकहरुको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकार सँग नागिरकका चाहाना र अपेक्षा धेरै छन्। सिमित स्रोत साधनले हाम्रो असिमित आवश्यकता पूरा गर्नु हाम्रो चुनौती हुँदाहुँदै पनि समुदायका आवश्यकता पूरा गर्ने, समस्या समाधान गर्ने, आर्थिक सामाजिक र भौतिक पूर्वाधारहरुको विकासका माध्यमवाट सेवा प्रवाह गरी जनजीवन सुखमय बनाउनु हाम्रो उद्देश्य हो ।

संघीयताले बोकेका सपना पुरा गराउन स्थानीयस्तरमा विकास र लोकतन्त्रको सफल अनुभुती दिलाउन प्रयत्न रावा बेसी गाउँपालिकाले संघ र प्रदेश सरकारबाट प्राप्त बजेटलाई कार्यान्वयन गर्दै सबै खाले विकास निर्माणलाई सहभागितात्मक ढंगले समानुपातिक वितरणका माध्यमबाट तिव्रताकासाथ अगाडी बढाइने कुरा यहाँहरुलाई विश्वास दिलाउन चाहान्छु ।
आज हामी आर्थिक समृद्धि, समाज परिवर्तन, अनि सुखी र सम्वृद्ध रावा बेसी निर्माणको महान अभियानमा जुटीरहेको सन्दर्भमा अबको समयलाई पुर्ण रुपमा उपयोग गर्दै आर्थिक, सामाजिक रुपान्तरण गर्न र जनचाहाना पुरा गर्ने अबको हाम्रो बाटो भनेको तिव्र आर्थिक विकास नै हो । उत्पादन तथा उत्पादकत्वको माध्मवाट आत्मनिर्भर र स्वाधिन अर्थतन्त्र निर्माण गरी स्वस्थ प्रतिस्प्रधात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान विन्दु हो ।तसर्थ यस क्षेत्रको सम्वृद्धिका निम्ति, विकासका निम्ति, परिवर्तनका निम्ति आफ्ना

अमूल्य समय दिनुहुने सम्पुर्णमा म गाउँपालिका प्रमुखको तर्फवाट हार्दिक स्वागत गर्न चाहान्छु । विकास निर्माण सबैको सहयोग, सहकार्य र सहजीकरणबाट मात्र संभव हुने भएकोले यस गाउँपालिकाको विकास निर्माणको प्रक्रियालाई प्रभावकारी रुपमा सञ्चालन गर्न अमुल्य सहयोग हुनेछ भन्ने मैले आशा र पुर्ण विश्वास लिएको छु ।हामीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोगको भूमिकामा रहनु हुने यहाँ क्रियाशील सम्पूर्ण राजनैतिक दलहरु, नागरिक समाजका अगुवा तथा आम जनसमुदाय, पेशागत सामुदायीक संघ, संस्थाहरु र सञ्चारकर्मीहरु सबैमा हार्दिक धन्यवाद दिन चाहान्छु र निरन्तर सहयोगको अपेक्षा राख्दै यहाँहरु प्रति आभार व्यक्त गर्न चाहान्छु ।

रावा बेसी गाउँपालिकाछुट्टै किसिमको संघर्षबाट सिर्जित स्थानीय तह हो भन्ने कुरामा यहाँहरु सबै जानकार नै हुनुहुन्छ ।त्यसैले पनि सबै खाले विकास निर्माणको सवालमा यस भूगोल भित्रका सबै राजनैतिक दलहरुको ऐक्यबद्धता छ र रहिरहने कुरामा म विश्वस्त छु।यस रावा वेसी गाउँपालिकाको केन्द्र हरमटारमा प्रशासिनक भवन निर्माण सम्पन्न हुने चरणमा रहेको र यसले प्रशासनिक स्थायित्व कायम हुने विश्वास लिएकोछु। रावाबेसी गाउँपालिकामा आर्थिक र सामाजिक क्षेत्रमा क्रमशः सकारात्मक परिवर्तन हुदै

गएको कुरा आम नागरिकहरुमा देखिएको समेत हामी सबैबिच छर्लङ्ग छ ।

रावा बेसी गाउँपालिका धेरै अबसर र सम्भावना बोकेको ठाउँ पनि हो ।यस क्षेत्रमा बन्न लागेको ६७० मेघावाटको नेपालकै राष्ट्रिय गौरवको आयोजना दुधकोशी हाइड्रोले बोकेको विशिष्ट संभाव्यताका कारण रावा बेसी गा.पा.लाई आर्थिक, सामाजिक र भौतिक रुपमा साथै व्यापारिक, व्यवसायिक, पर्यटकीय दृष्टिकोणले थप मजबुत हुन मद्दत पुग्ने आशा गरिएको छ ।दुधकोशी जलासययुक्त जलविद्युत आयोजनाले रभुवामा बेली बृज तथा भोजेघाट स्थित तिर्पा बेसीमा मोटरेबल पुलको निर्माणको लागी ठेक्का सम्झौता गरी कार्यन्वयन प्रक्रिया अगाडी बढाईरहेको र लामिडाँडामा आयोजनाको प्रशासनिक भवन निर्माण सम्पन्न भएको छ । साथै उक्त आयोजना निर्माण गर्न जग्गा अधिकरण प्रकृया अघि बढाउन निरन्तर पहल गरिएको कुरा यस सभालाई जानकारी गराउन चाहान्छु । त्यसै गरी आ.व. २०८२/८३ मा बिजुले लेकखर्क दुबेकोल एसेलुखर्क सडकको स्तरोन्नतिको लागि तथा नुनथला जौबारी कुभिण्डे हरमटार सडकको स्तरोन्नतिको लागि बजेट विनयोजन भएको र लोचाखोलामा बजेट सुनिश्चत भई मोटरेवल पक्की पूलको निर्माणमा ठेक्का लगाउने प्रकृया समेत अगाडी बढेकोमा यस गाउँपालिका

बासीमा दिगो यातायात सुविधा हुने सुनिश्चत भएको सहर्ष जानकारी गराउन चाहान्छु ।

तथापी स्थानीय तह जनताका लागि सबै भन्दा नजिकको आस्था र भरोसाको केन्द्र भएकोले यी सबै कुराहरु र परिस्थितीलाई मध्यनजर गर्दै कृषि, स्वास्थ्य, शिक्षा, आर्थिक विकास, रोजगारी, गरिवी निवारण र पुर्वाधार क्षेत्रलाई नै मुख्य आधार बनाई नीति तथा कार्यक्रम तयार गर्ने प्रयास गरिएको छ ।

सम्मानित सभाका सदस्य ज्यूहरु,

स्थानीय तहमा हामी निर्वाचित भएर पनि तीन वर्षे कार्यकाल समाप्त भईसकेको छ।चालु आ.व. को वार्षिक कार्यक्रमहरु सम्पन्न भई सकेको र क्रमागत रुपमा रहेका योजना तथा कार्यक्रमहरुलाई सम्पन्न गर्न आवश्यक ठानेको छु ।तीन वर्षको कार्यकालमा पूर्ण रुपमा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्युहरुलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहान्छु ।

यस सम्मानित सभाका सदस्य ज्यूहरु,

आगामी आ. व. २०८२/८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, संघ र प्रदेश सरकारले जारी गरेको नीति, कानून, कार्यविधि तथा मापदण्ड, गाउँपालिकाको आवधिक योजना,

गाउँपालिकाको स्रोत साधन विकासका अन्तर सम्बन्धित विषयहरु, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा गरिएका प्रतिबद्दताहरुलाई आधारको रुपमा लिइएको छु । अब म रावा बेसी गाउँपालिकाको आ.व.२०८२।८३ का प्रमुख नीति तथा प्राथमिकताका क्षेत्रहरु प्रस्ततु गर्ने अनुमति चाहान्छु ।

- स्थानीय तहको आम्दानी बढाउन विभिन्न क्षेत्र पहिचान गरी राजश्वको दायरा विस्तार गरिनेछ ।
- स्थानीय स्तरमा जनताको माग अनुसार स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा आयोजना तथा कार्यक्रम छनौट गरिनेछ ।
- गाउँपालिकाको श्रोत, साधनले धान्न नसक्ने योजना तथा कार्यक्रम प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने नीति लिइनेछ ।
- सिमा निर्धारण भएका विषय र बजेटको अधिनमा रहेर मात्र बजेट तथा कार्यक्रम प्रस्तुत गरिनेछ ।
- गरिबी निवारणमा टेवा पुर्‍याउने तथा रोजगारमूलक योजनाहरुलाई कार्यक्रममा विशेष जोड दिने नीति अवलम्बन गरिनेछ ।
- बजेट कार्यान्वयनको लागि बजेट क्यालेन्डर बनाईनेछ र कडाईकासाथ पालना गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

अब म यस सम्मानित सभामा क्षेत्रगत नीति कार्यक्रम तथा आधारहरु प्रस्तुत गर्न चाहान्छु

<u>आर्थिक विकास नीतिः</u>

१. गुप्तेश्वर महादेव मन्दिर, ओमकारेश्वर मन्दिर, जुडीमहादेव, प्रिमाकोटगढी, कोटगढी  लगायत अन्य ऐतिहासिक स्थलहरुलाई उचित संरक्षण सम्वर्द्धन तथा प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनका कार्यक्रमहरु अगाडी बढाईनेछ ।

२. गाउँपालिका भित्र बसोवास गर्ने विभिन्न जातजाति, भाषा, धर्म, कला तथा संस्कृतीको उचित संरक्षण तथा प्रवर्धन गरिनेछ ।

३. आवस्यकताका आधारमा लघु उद्यमको पुनर्ताजगी सीप विकास तालिम सञ्चालन गरिनेछ ।

४. कृषि क्षेत्रको विकास तथा आधुनिकीकरण गर्न आबश्यक कृषि औजारहरु वितरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धी गरिनेछ ।

५. संघीय तथा प्रदेश सरकारसँगको लागत साझेदारीमा लिची, किवी, चैते धान तथा माछा पकेट क्षेत्र घोषणा गरी सञ्चालन गर्ने नीति लिईनेछ । रावा वेसी गाउँपालिका लाई लिची हबको रुपमा विकास गरिनेछ।

६. खाद्यान्न बालिको गुणस्तरीय बिउ उत्पादन तथा परम्परागत बालीहरुको संरक्षण गरिनेछ ।

७. प्राङ्गारिक खेती प्रबर्द्धनका लागि प्राङ्गारिक जैविक जिवाणु मल प्रोत्साहन गरिनेछ। उत्पादित कृषि उपजलाई बजारसम्म पुर्याउन ढुवानीमा अनुदान प्रदान गरिनेछ ।

८. एकल महिलालाई आत्मानिर्भर बनाउन एकल महिला उद्यम शिलता कार्यक्रम लागू गरिनेछ ।

९. नगदे बाली प्रवर्धन तथा तेलहनजन्य बालीको उत्पादन तथा मौरी पालनलाई आपसमा जोडी आर्थिक उपार्जनमा बढवा दिईनेछ ।

१०. बाँझो जमिन प्रयोग गर्नको लागि उपयुक्त नीतिको अवलम्बन गरी फलफूल तथा सम्भावित खेतीलाई प्रवर्ध्दन गरिनेछ ।

११. बाली विरुवामा देखिने रोग निदानका माटो परिक्षण तथा विशेषज्ञ सेवा प्रदान गरिनेछ ।

१२. पशुपालनलाई आयमुलक व्यवसायको रुपमा विकास गर्न र पशुजन्य रोगको नियन्त्रण गर्न आवश्यक औषधिको व्यवस्था गरिनेछ ।

१३. पशुहरुमा रोग निधानका लागि प्राविधिक सेवा घर गोठमै निशुल्क प्रदान गरिनेछ ।

१४. महामारीको रुपमा फैलिएको लम्पी स्किन रोग विरुद्ध आवश्यक खोपको व्यवस्था गरिनेछ साथै अन्य रोगहरु जस्तैः रेबिज, खोरेत लगायतका सङ्क्रामक रोगहरुको नियन्त्रणका लागी आवश्यक व्यवस्था मिलाईने छ ।

१५. पशुपालन व्यवसायलाई निर्वाहमुखी बाट व्यवसायिकरण गर्न कृषकहरुलाई आवश्यक पर्ने विषयगत तालिमहरु संचालन गरिनेछ ।

१६. कुखुरापालन, बङ्गुरपालन र बाख्रापालन व्यवसायलाई आधुनिकिकरण गर्नआवश्यक व्यवस्था मिलाईनेछ साथै निशुल्क प्राविधिक सहयोग गरिनुका साथै उत्पादनमा वृद्धि गरी बजार व्यवस्थापनमा विशेष जोड दिएर कृषकलाई आर्थिक उन्नतिमा लाग्न प्रोत्साहन गरिनेछ ।

१७. गाउँपालिकालाई तेलहन तथा मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाईनेछ ।

१८. यस आ. व. बाट एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. नगदे बाली तथा मसलाजन्य खेती मार्फत कृषकलाई आर्थिक उपार्जनमा जोडिनेछ ।

२०. रावा खोला तथा दुध कोशीमा करेन्ट लगाएर माछा मार्ने कार्यलाई दण्डित गरिनेछ ।

२१. जलाधार बाट निर्माण गरिएका मुहान संरक्षण तथा रिचार्ज पोखरीलाई मर्मत तथा संरक्षण गरिनेछ ।

२२. रावा बेसी गाउँपालिकाभित्र सञ्चालित व्यवसाय, कृषि फर्म, कृषक समुहहरुलाई अनिवार्य रुपमा दर्ता,नविकरण गरी राजश्वको दायरामा ल्याईनेछ ।

२३.पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना मार्फत तोकिएका फलफुल बालीमा १०० हेक्टर क्षेत्रफलमा नयाँ फलफुल बगैंचा स्थापना संचालन गरिनेछ ।

२४. पालिकामा स्थापित रोजगार सेवा केन्द्र मार्फत बेरोजगारहरुको तथ्याङ्क संकलन गरी प्राथमिकताको आधारमा रोजगारी प्रदान गरिनेछ ।

२५. रावा बेसी गाउँपालिका, हलेसी तुवाचुङ नगरपालिका र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको भुगोलहरु समेट्ने गरी आ.व. ८२।८३ देखि जिल्ला औधोगिक करिडोर सञ्चालन गर्ने

तयारी अन्तिम चरणमा रहेको हुँदा सो औधोगिक करिडोरलाई अपुग रहेको भौतिक संरचना तयार गर्न सम्बन्धित मन्त्रालय समक्ष माग गरी निर्माण सम्पन्न गरिनेछ ।

समाजिक विकास सम्बन्धी नीतिः

१. यस पालिकामा रहेका प्रस्तावित माध्यमिक विद्यालय, आधारभुत विद्यालय तथा बालविकास केन्द्र तहको लागि शिक्षक दरबन्दी मिलान गरी पालिका अनुदानलाई निरन्तरता दिइनेछ ।

२. सबै विद्यालयमा कार्यरत शिक्षक कथा कर्मचारीलाई दिइँदै आएको थप तलब भत्तालाई निरन्तरता दिइने छ।

३. संघीय सिकाइ अनुदानका मावि तथा निमावि तहमा कार्यरत शिक्षक दरबन्दीलाई यथावत राखी त्यस बापत लाग्ने अपुग तलब भत्ता पालिकाबाट थप गरी यस आर्थिक वर्षलाई निरन्तरता दिईने छ।

४. जगेडा शिक्षक कोषलाई यो आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ ।

५. कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुलाई विद्यालय सञ्चालन गर्न थप प्रशासनिक खर्च बापत दिदै आएको अनुदानलाई निरन्तरता दिईनेछ ।

६. शिक्षक तथा विद्यालय कर्मचारीलाई आफ्नै खातामा मासिक रुपमा तलब भत्ता उपलब्ध गराउँदै आएको कार्यलाई यो आ.व मा पनि निरन्तरता दिइने छ।

७. पालिका अन्तर्गतका विद्यालयहरुको लागि एक जना खेलकुद र संगीत शिक्षकको व्यवस्था गरिनेछ ।

८. हरेक विद्यालयलाई प्रविधिमैत्री बनाउनको लागी एक विद्यालय एक कम्प्युटर र प्रिन्टर" कार्यक्रम विस्तार गरिदै लगिनेछ ।

९. शिक्षामा पहुंच, टिकाउ र गुणस्तरलाई सुनिश्चित गर्दै एक वडा एक आवासीय विद्यालय नीति अवलम्बन गरिनेछ ।

१०. उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, शिक्षक तथा विद्यार्थीलाई उचित सम्मान तथा प्रोत्साहन गरिनेछ। गरिब तथा जेहेनदार विद्यार्थीको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

११. स्थानीय पाठ्यक्रम निर्माण गर्दै क्रमशः पाठ्यपुस्तक तयार गरी पठनपाठनको व्यवस्था मिलाइने छ।

१२. सूचना प्रविधिमा थप दक्ष र सक्षम बनाउन आवश्यक तालिमको व्यवस्था गरिने छ ।

१३. पालिका भित्रका विद्यालयहरुमा आवश्यकता तथा औचित्यताका आधारमा विद्यालय समायोजन, एकीकरण तथा शिक्षक दरबन्दी मिलान जस्ता कार्यक्रम गरी शिक्षक विद्यार्थी अनुपात मिलाउन आवश्यक व्यवस्था गरिने छ।

१४. प्र. अ. हरुको सर्वपक्षीय क्षमता विकासको लागी नमुना विद्यालयको अवलोकन तथा भ्रमणको व्यवस्था गरिने छ।

१५. पालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरु बिच प्रतिस्पर्धा हुने गरी विभिन्न अतिरिक्त प्रतियोगी कार्यक्रम सञ्चालनका लागि आबस्यक बजेटको व्यबस्था गरिएको छ ।

१६. विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ताहरुका लागी क्षमता विकास संगै प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ ।

१७. मावि र निमाविमा अध्ययन गर्ने छात्राहरूलाई निशुल्क सेनीटरी प्याड वितरण गर्ने संघिय सरकारको नीतिलाई प्रभावकारी रुपले कार्यान्वयन गरिने छ ।

१८. विद्यालयमा भएका कम्प्युटर बिग्रने तथा नचल्ने समस्याको समाधान गर्न कम्प्युटर र प्रिन्टर मर्मत कार्यलाई निरन्तरता दिईने छ ।

१९. शैक्षिक सुधार तथा गुणस्तर कायम गर्नका लागि प्रधानाध्यापकहरु, व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षक अभिभावक संघका अध्यक्षहरु बिच अन्तर्क्रिया तथा छलफल साथै क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२०. अभिभावक शिक्षा कार्यक्रम संचालनका लागी आवश्यक बजेटको व्यवस्था गरिने छ ।

२१. कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय , रावा बेसी गाउँपालिका र करुणा फाउण्डेशनको त्रिपक्षीय लागत साझेदारीमा संचालीत अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२२. समुदायमा आत्महत्या रोकथाम तथा मनोसामाजिक समस्याहरु सम्बन्धी सचेतना तथा अभिमुखिकरण गर्न मनोसामाजिक परामर्श

कार्यक्रम संचालन तथा आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराईनेछ ।

२३. गत आ. व. देखि प्रदान गरिएको विदुर पुरुषहरुलाई सामाजिक सुरक्षा भत्ता अन्तरगत विदुर भत्ता दिने नीतिलाई निरन्तरता दिईनेछ ।

२४. गत आ. व. देखि प्रदान गरिएको अविवाहित महिलाहरुलाई जीवन निर्वाह भत्ता प्रदान गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२५. अस्पतालजन्य संक्रामक फोहोरमैलालाई प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ ।

२६. रावा बेसी गाउँपालिकाभित्र सञ्चालित व्यवसायहरुलाई अनिवार्य रुपमा दर्ता गरी राजश्वको दायरामा ल्याईनेछ ।

२७. खेलकुद कार्यक्रम मार्फत रावा बेसी गाउँपालिकाको पहिचान अभिवृद्धि गरिनेछ ।

२८. गाउँपालिकाभित्र आँखा परिक्षण तथा उपचार सम्बन्धी शिविर सञ्चालन गरिनेछ ।

२९. जनप्रतिनिधी र कर्मचारीलाई सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

३०. अपाङ्गता भएका व्यक्तिहरुलाई आयमुलक कार्यक्रमसँग जोडी जिबिकोपार्जन गर्न सक्षम बनाईनेछ ।

३१. ज्येष्ठ नागरिकहरुलाई विशेष सम्मानका कार्यक्रमहरु राखिनेछ र उनीहरुको ज्ञान, सिप र अनुभवलाई सदुपयोग गर्ने नीति लिईनेछ ।

३२. गाउँपालिकाभित्र स्थापित राष्ट्रिय वाणिज्य बैंक र प्रभु बैंकसँग आवश्यक समन्वय गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप सहज र प्रभावकारी बनाईनेछ ।

३३. आ.व. २०८२।०८३ बाट सामाजिक सुरक्षा भत्ता वितरणलाई थप प्रभावकारी बनाउन बायोमेट्रिक भेरिफिकेशन डिभाईस मार्फत भत्ता नवीकरण गर्ने व्यवस्था मिलाईनेछ ।

३४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको मृत्यु पश्चात ३५ दिनभित्र मृत्यु दर्ता गरे बापत परिवारलाई दिईने सहुलियत शुल्कलाई निरन्तरता दिईनेछ ।

३५. महिलाहरुको आङ खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, फिस्टुलाको समस्यालाई स्वास्थ्य चौकीबाट नियमित स्क्रिनिङको व्यवस्था मिलाईने छ । साथै समस्या देखिएकालाई निरन्तर उपचार सेवा उपलब्ध गराईने छ ।

१. नसर्ने रोगको अर्धबार्षिक रुपमा समुदायमा स्कृनिङको व्यवस्था मिलाई उपचार सेवा उपलब्ध गराईनेछ ।

२. गाउँपालिका मातहतका गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य परिक्षण निशुल्क गर्नुका साथै स्वास्थ्य संस्थाबाट प्रेषण गर्नु पर्ने सुत्केरीलाई जिल्ला अस्पताल सम्म निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।

३. वृद्धवृद्धा तथा असहायसँग स्वास्थ्य कार्यक्रमको थालनी गरिनेछ ।

४. बालबालिकाहरुको पोषण अवस्थाको पहिचान बिश्लेषण तथा व्यवस्थापनको लागि आवश्यक क्रियाकलाप संचालन गरिनेछ । पोषण स्थिति सुधार तथा नसर्ने रोगको रोकथाम एवम नियन्त्रणको लागि बहुक्षेत्रिय योजनाहरुको कार्यान्वयन गर्न आवश्यक समन्वय गरी कार्यान्यिन गरिनेछ ।

५. राष्ट्रिय खोप तालिका अनुसार सवै बालबालिकाले खोप पाउने अधिकारलाई सुनिश्चित गरी पूर्णखोप सुनिश्चित गाउँपालिका कायम राखिनेछ ।

६. निशुल्क औषधिको उपलब्धता सुनिश्चित गर्दै मेडिकल औजार उपकरण उपलब्ध गराईनेछ ।

७. "म स्वस्थ मेरो समुदाय स्वस्थ" कार्यक्रमको थालनी गरिनेछ।

८. स्थानीय तह मातहतका सबै स्वास्थ्य चौकीहरुको एकिकृत नेटवर्क तयार गरी सबै बिद्युतीय स्वास्थ्य तथ्याँक सुचना तथा अभिलेख प्रणालीलाई एकिकृत गिरनेछ ।

९. महिला स्वयम सेविकाहरुलाई यातायात तथा सञ्चार खर्चको व्यवस्था गरिनेछ।

१०. रावा बेसी गाउँपिलकामा सञ्चालन भएको ५ सैयाको गाउँ अस्पताललाई थप व्यवस्थापन गरी सेवा सञ्चालनमा प्रभावकारी बनाईनेछ ।

<u>पुर्वाधार विकास नीतिः</u>

१. विद्यालय तथा अन्य भौतिक संरचना बालमैत्री तथा अपाङ्ग मैत्री निर्माण गरिनेछ।

२. गाउँपालिका भित्रका सडकहरु क्रमशः वर्गीकरण तथा स्तरोन्नती गरिनेछ ।

३. छ वटै वडा समेट्ने गरि रिङ रोडको अवधारणा अनुरुप गुरुयोजना तयार गरिनेछ ।

४. गाउँपालिकाको मुख्य मुख्य स्थानमा रहेका सडक बत्तीहरुलाई व्यवस्थित गरिदै

लगिनेछ ।

५. गाउँपालिकाका मुख्य सडकहरुको बाँकि रहेको खोलामा मोटरेबल पुल निर्माणको लागि पहल गरिनेछ ।

६. गाउँपालिकाबाट सञ्चालन हुने प्रत्येक योजनाहरुको लागि तयार गरिएका योजना किताब तयार गरी कार्यान्वयन गरिएकोमा निरन्तरता दिईनेछ ।

७. प्रत्येक वडाहरुमा उपभोक्ता समितिलाई योजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन लाई निरन्तरता दिईनेछ ।

८. गाउँपालिका क्षेत्रभित्र सबै खालका पुर्वाधारको निर्माणमा मौलिक ज्ञान, प्रविधि र सामग्रीको प्रयोगको लागि प्रेरित गरिनेछ ।

९. गाउँपालिकाबाट सञ्चालित सबै योजना सञ्चालन गर्दा शुन्य पेश्कीमा सञ्चालन गर्ने हालको व्यवस्थालाई निरन्तररुपमा अवलम्बन गर्दै लगिनेछ ।

१०. तीन लाख भन्दा माथि लागत भएका आयोजनाहरुको संचालन गर्दा आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण (होर्डिङ बोर्ड) अनिवार्य राख्नु पर्ने हालको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

११. भवन निर्माण आचार सिंहता अनुसार गाउँपालिका क्षेत्रमा नयाँ घरहरु निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गर्नु पर्ने नीति अवलम्बन गरिनेछ ।

१२. सहज रुपमा हिँडडुल गर्न गोरेटो बाटोहरुको निर्माण गरी पैदलयात्री केन्द्रित गाउँको रुपमा गाउँपालिकाको विकास गरिनेछ ।

१३. उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुको नापी किताब, लागत अनुमान, कार्यसम्पादन मूल्याङ्कन लगायतका कागजातहरु नेपाली भाषामा बनाई लागु गरिनेछ ।

१४. वडाका सेवाहरुलाई पक्की भवन मार्फत सञ्चालन गरिने अभियान अन्तरगत बाँकी वडाहरु कर्य सम्पन्न गर्नको लागि निरन्तरता दिईनेछ ।

१५. निर्माणाधिन रहेका स्वास्थ्यचौकी भवन निर्माण कार्य सम्पन्न गर्नको लागि माथिल्लो निकाय पहल कदमी गरिनेछ ।

१६. फुसको छाना विस्थापित गर्न आवस्यक नीति लिई कार्यान्वयन गरिनेछ ।

**<u>वातावरण तथा विपद व्यवस्थापन नीतिः</u>**

१. गाउँपालिकाका सबै नाङ्गो क्षेत्रहरुमा वृक्षारोपण गरी यस पालिकालाई सुन्दर, हरियाली तथा हराभरा गाउँपालिकाको रुपमा पहिचान दिई पर्या-पर्यटनको विकासमा जोड दिईनेछ।

२. ढुंगा, गिट्टी, बालुवा संकलन गर्दा वातारणमा प्रतिकूल प्रभाव पर्न नदिन प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्पन्न गरिएका खोलाहरुबाट मात्र नदीजन्य पदार्थ उत्खनन् गरिनेछ ।

३. गाउँपालिका क्षेत्रमा विकास निर्माणका लागि आवश्यक IEE /EIA कार्यान्वयनका लागि वातावरण संरक्षण नियमावली बमोजिम आवश्यक कानून तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा जोड दिईनेछ।

४. विपद् जोखिम पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुर्नलाभ सम्बन्धी क्षमता विकासका लागी सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ।

५. गाउँपालिका र वडा स्तरीय प्रकोप व्यवस्थापन समितिलाई सक्रिय राखी विपद् उद्दार तथा राहत सामाग्रीको पर्याप्त मौज्दातको व्यवस्था गरिनेछ । साथै विपद् व्यवस्थापन कोषलाई थप मजबुत बनाईनेछ।

६. जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्दि, प्रतिकूल प्रभावको न्यूनीकरणका लागि साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

## सुशासन रसंस्थागत विकास नीतिः

१. गाउँपालिको कार्यालयको जिन्सी, लेखा, योजना, दर्ता चलानी आदिका कामहरुलाई सफ्टवेर मार्फत प्रभावकारी बनाउदै लगिनेछ ।

२. योजना सम्झौता प्रणालीलाई पहुँच वृद्धि गरी घरघरमा नागरिक सेवालाई मुर्त रुप दिन वडास्तरमै गइ सम्झौता शिविर सञ्चालन गरिने साथै समुहको बैंक खाता समेत बडामै खोल्न सहजिकरण गरी उपभोक्ता समुह अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

३. न्यायीक समितिबाट भएका निर्णय र सम्पादित कामहरुलाई व्यवस्थित बनाउन विद्युतीय प्रणालीमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाईनेछ ।

४. मेलमिलापकर्ताहरुलाई प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।

५. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा इकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधिमैत्री बनाई जनतालाई सेवा प्रवाह गर्दा जनप्रतिनीधि तथा कर्मचारी सबैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

६. सार्वजनीक खरिदलाई अझ थप पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाई खरिद सुशासन कायम गर्न खरिद इकाईको गठन गरी सोही इकाई मार्फत सम्पूर्ण खरिद कार्य गरिनेछ ।

७. सार्वजनिक सम्पत्तीको सुरक्षा र संरक्षण गरिनेछ ।

८. रावा बेसी गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुको संगठनात्मक स्वरुपलाई पुनरावलोकन गरिनेछ ।

९. बिषयगत शाखाको कार्ययोजना तयार गरी हरेक चौमासिकमा प्रगती समिक्षा कार्यक्रम सञ्चालन गरी सेवालाई प्रभाकारी बनाईने छ ।

१०. महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति लगायत सम्पूर्णलाई सुरक्षाको प्रत्याभूति दिलाउने नीति अवलम्बन गरिनेछ ।

अन्त्यमा,

हामीले सबै सरोकारवाला पक्षहरुसँग समन्वय, सहकार्य गर्दै आम रावा बेसी नागरिकको मुहारमा निरन्तर खुसी प्रदान गर्न सकौं। यस गाउँपालिकाको विकास, सम्वृद्धि, उन्नति र प्रगतिका लागि आजसम्म प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा समन्वय, सह-अस्थित्व र सहकार्य गर्नुहुने सम्पूर्ण जनप्रतिनीधिहरु, राजनीतिक दल, संघ

संस्थाहरु प्रतिष्ठित व्यक्तित्वहरु र कर्मचारीहरु प्रति म हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु। यस्तै गरी हाम्रो माग बमोजिम योजना तथा बजेट विनियोजन गर्नु हुने संघ तथा प्रदेश सरकारलाई विशेष आभार प्रकट गर्दछु । यस नीति तथा कार्यक्रम निर्माणका लागी आफ्ना अमूल्य सुझाव प्रदान गरी सहयोग गर्नुहुने सम्पूर्ण राजनीतिक दल, पेशाकर्मी, बुद्दिजीवि, कृषक तथा श्रमजीवि महानुभावहरुमा विशेष धन्यवाद ज्ञापन गर्दै यो नीति कार्यक्रम कार्वान्यनमा पूर्ण सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

फटिक कुमार श्रेष्ठ

अध्यक्ष

रावा बेसी गाउँपालिका